# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

सूचना नं. १३-२०८३/८४

*"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*


## ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता ३५ दिने (३० कार्यदिन) कृषकस्तरीय तालिममा सहभागी हुन आवेदन आह्वान सम्बन्धी सूचना ।

(प्रकाशन मितिः २०८३/०४/१८)

प्रस्तुत विषयमा पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरीको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने "ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता ३५ दिने (३० कार्यदिन) कृषकस्तरीय तालिम" मा सहभागी हुन तपसिल बमोजिम योग्यता पुगेका सुनकोशी गाउँपालिका भित्रका इच्छुक कृषकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र पशु सेवा शाखा, सुनकोशी गाउँपालिका, मूलखर्कमा आवेदन पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. नेपाली नागरिक भएको हुनुपर्ने।
२. न्यूनतम शैक्षिक योग्यता SEE/SLC वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने।
३. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
४. पशुपालन व्यवसायमा संलग्न वा पशुपालन व्यवसाय सञ्चालन गर्न इच्छुक कृषक हुनुपर्ने।
५. पशु स्वास्थ्य सेवा सहज रूपमा नपुगेका क्षेत्रका स्थानीय आवेदकलाई प्राथमिकता दिइनेछ।
६. महिला, दलित, आदिवासी जनजाति, विपन्न तथा पिछडिएको समुदायका आवेदकलाई प्राथमिकता प्रदान गरिनेछ।

**संलग्न गर्नुपर्ने कागजातहरू**

१. निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ (दुई) प्रति।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

**थप जानकारीका लागि**

पशु सेवा शाखा, सुनकोशी गाउँपालिका, मूलखर्क, ओखलढुङ्गा।
सम्पर्क नं.: ९८४४३३३१७१, ९८६६८२७५३३

*नोटः सहभागी कृषकहरूको खाना, बसोबास तथा आउने-जाने यातायात खर्च केन्द्रबाट उपलब्ध गराउनेछ।*

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत